# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गुर्जुधारा, काठमाण्डौं, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२६ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्योट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्योट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्योट गर्नु हुने अपेक्षा गरिएको छ ।

## तपसिल

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणीः** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा औद्योगिक व्यावसाय ऐन, २०७३ बमोजिम मिति २०७६/०५/२२ मा प्रा.फ.द.नं. ८७० मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, कलंकी काठमाण्डौंबाट मिति २०७६/०५/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११८२२०५५को प्रमाणपत्र प्राप्त मनीषा एण्ड एलिशा बुटिक ।
फर्मको ठेगाना : काठमाण्डौ जिल्लां चन्द्रागिरी न.पा. वडा नं. ५, महिमा निवास ।

| | |
|---|---|
| **प्रोपाईटरः कल्पना थापा** (ना.प्र.नं. ४४३०१९/३६२, जारी मिति २०६३/११/२७, प्रतिलिपी जारी मिति २०७५/०३/२६ जारी गर्ने कार्यालय जि.प्र.का. गोरखा )। स्थायी ठेगानाः गोरखा जिल्ला गोरखा न.पा. वडा नं. १४ । हालको ठेगानाः काठमाण्डौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ५ । बाबुः भरत बहादुर खड्का । पतिः राजु थापा । ससुराः बल बहादुर थापा । | **जमानतकर्ताः आनन्द कुमार पिया** (ना.प्र.नं. ४६९, जारी मिति २०३५/०३/२५, प्रतिलिपी जारी मिति २०७८/०९/१३, जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) । स्थायी ठेगानाः लमजुङ जिल्ला राईनास न.पा. वडा नं. ८ । हालको ठेगाना : काठमाण्डौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ५ । बाबुः ज्यान काजी पिया । बाजेः जनक लाल पिया । |
| **जमानतकर्ताः धन बहादुर बोहरा** (ना.प्र.नं. ४६१६०, जारी मिति २०६०/०४/२५, जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ )। स्थायी ठेगानाः लमजुङ जिल्ला बेसी शहर न.पा.वडा नं १५ (साबिक लमजुङ जिल्ला गाउ शहर गा.वि.स..वडा नं ५ बाबुः क्षेत्र बहादुर बोहरा । बाजेः केशव बहादुर बोहरा । | **जमानतकर्ताः मनिषा थापा** (ना.प्र.नं. ४४-०१-७५-००९४९, जारी मिति २०७५/०२/०८, जारी गर्ने कार्यालय जि.प्र.का. गोरखा) । स्थायी ठेगानाः गोरखा जिल्ला गोरखा न.पा. वडा नं. १४ । हालको ठेगानाः काठमाण्डौं जिल्ला चन्द्रागिरी न.पा.वडा नं. ५ । बाबुः राजु थापा । बाजेः बल बहादुर थापा |

**ख. धितो सुरक्षण सम्पत्तिको विवरण :**

ऋणी **मनिषा एण्ड एलिशा बुटिक** को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण......१

**जमानतकर्ताः** उपरोक्त कर्जामा तहाँले व्यक्तिगत जमानी दिनुभएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न/गराउन लगाउन हुन जानकारी गराउदछौं । अन्यथा, कर्जा चुक्ता/नियमित नभएको अवस्थामा सूचना प्रकाशित भएको मितिले ९० दिन पश्चात् तहाँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचिकृत गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x21